नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)**

सानोठिमी, भक्तपुर

## कक्षा १२ को ग्रेड वृद्धि (पूरक) परीक्षाको समय तालिका तथा आवेदन फारम बुझाउने सम्बन्धी सूचना

**२०७९** सालको जेष्ठ महिनामा सञ्चालित कक्षा १२ को वार्षिक परीक्षामा नियमित परीक्षार्थीको रुपमा (रजिष्ट्रेशन नम्बरको शुरुका दुई अंक ७८ भएका ) परीक्षामा सहभागी भई सैद्धान्तिकतर्फ अन्य विषयमा न्यूनतम D वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी बाँकी दुई विषयमा NG (Not Graded) प्राप्त गर्ने वा सैद्धान्तिक तर्फ अन्य विषयमा D वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी बाँकी बढीमा दुई विषयमा अनुपस्थित (Absent) भएका परीक्षार्थीहरुका लागि दुई विषयसम्म ग्रेडवृद्धि (पूरक) परीक्षामा सम्मिलित हुन पाउने गरी निम्नलिखित कार्यक्रम अनुसार ग्रेडवृद्धि पूरक परीक्षा सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परीक्षा समय: बिहान ११:०० बजेदेखि २:०० बजेसम्म**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १. | २०७९ असोज ३० गते आइतबार | ➢ अनिवार्य अङ्ग्रेजी (००४१)<br>➢ एक विषयमा मात्र परीक्षा दिने परीक्षार्थीहरूको सबै विषय<br>➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरुका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको सानो कोड नम्बर भएको विषय * |
| २. | २०७९ असोज ३१ गते सोमबार | ➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरूका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको ठूलो कोड नम्बर भएको विषय |

### परीक्षा आवेदन फाराम बुझाउने सम्बन्धी व्यवस्था

- ❖ २०७९ सालको कक्षा १२ को ग्रेडवृद्धि परीक्षामा सहभागी हुनका लागि मिति २०७९ असोज ७ गतेभित्र बोर्डको खातामा परीक्षा शुल्क बापत प्रति विद्यार्थी रु. ६००।- (छ सय) का दरले हुन आउने रकम बुझाई सक्नुपर्नेछ । उक्त अवधिभित्र रकम जम्मा गर्न छुट भएका परीक्षार्थीहरुका लागि मिति २०७९ असोज १४ गतेभित्र विलम्ब शुल्क सहितको रकम प्रति विद्यार्थी रु. १,२००।- (एक हजार दुई सय) बुझाई सम्बन्धित विद्यालयमार्फत मिति २०७९ असोज २५ गते कार्यालय समयभित्र बोर्डका सम्बन्धित कार्यालयहरूमा रकम जम्मा गरेको भौचरसहित आवेदन फाराम बुझाई सक्नु पर्नेछ ।

**द्रष्टव्य**

- ➢ ग्रेड वृद्धि (पूरक) परीक्षा दुई दिन मात्र सञ्चालन हुने छ । एक विषयको मात्र ग्रेड वृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले जुनसुकै विषय भए पनि परीक्षा सञ्चालन भएको पहिलो दिनमै ग्रेड वृद्धि परीक्षामा सहभागी हुनुपर्ने छ ।
- ➢ अनिवार्य अङ्ग्रेजी (००४१) विषयमा ग्रेड वृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको परीक्षा पहिलो दिन मात्र सञ्चालन हुनेछ ।
  * अनिवार्य अंग्रेजी र अनिवार्य नेपाली दुवै विषयमा ग्रेडवृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अंग्रेजी (००४१) र दोस्रो दिन अनिवार्य नेपाली (००२१) विषयको परीक्षा दिनुपर्नेछ ।
- ➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीले आफूले परीक्षा दिने सानो कोड नम्बर भएको विषयमा पहिलो दिन र ठूलो कोड नम्बर भएको विषयमा दोस्रो दिनको परीक्षामा सहभागी हुनु पर्नेछ ।
- ➢ तोकिएको परीक्षा कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि पुन: अर्को व्यवस्था गरिने छैन ।
- ➢ कुनै आकस्मिक बिदा पर्न गएमा समेत परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचना बिना परीक्षा स्थगित गरिने छैन ।
- ➢ परीक्षाका लीगि चाहिने ग्राफ पेपर, चार्ट, लगटेवल, गोश्वारा भौचर आदि जस्ता सामग्रीहरू परीक्षार्थी स्वयम्ले ल्याउनुपर्नेछ ।
- ➢ परीक्षामा मोबाइल फोन, स्मार्ट घडी, ब्लुटुथ उपकरण लगायत अन्य इलेक्ट्रोनिक्स डिभाईस लैजान निषेध गरिएको छ ।
- ➢ परीक्षा केन्द्र निर्धारण सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।
- ➢ तोकिएको परीक्षा केन्द्रबाट मात्र परीक्षा दिनु पर्नेछ । केन्द्र परिवर्तन गर्न पाइने छैन ।
- ➢ कक्षा १२ मा अध्यापन हुने विषय र विषय कोड क्रमानुसार (सानोदेखि ठूलोसम्म) राष्ट्रिय परीक्षा बोर्डको Website : www. neb.gov.np मा राखिएको छ ।
- ➢ बोर्डका सम्बन्धित कार्यालयहरुले यसै सूचना अनुसार गर्नुगराउनु हुन अनुरोध छ ।

**- परीक्षा नियन्त्रक**

**मिति : २०७९/०५/१७**